# हस्तकला समाचार

मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १५ | माघ २०६५ | अंक ९५


## औद्योगिक नीति तथा वाणिज्य नीति सम्बन्धी अन्तरक्रिया

*हस्तकला उद्योग व्यवसायको विकास, विस्तार तथा प्रबर्द्धनका लागि नेपाल हस्तकला महासंघले स्थपानकालदेखि विभिन्न गतिविधिहरु संचालन गर्नुका साथै समयसापेक्ष आवश्यक पहल गर्दै आएको छ । यस क्रममा हस्तकला उद्योग, व्यवसाय एवं निकासी प्रबर्द्धनका लागि उपयुक्त नीतिहरुको तर्जुमा गर्न महासंघले विभिन्न समयमा सरकारलाई सुझावहरु प्रस्तुत गर्दै आएको छ । हालै सरकारले विगतको व्यवस्थामा सरोकारवालाहरुको आवश्यकता समेटेर समयसापेक्ष परिजार्जन गर्न नयाँ औद्योगिक नीति तथा वाणिज्य नीतिको मज्यौदा तयार गरेको छ । यसै सन्दर्भमा जानकारी गराउन र आउने औद्योगिक नीति तथा वाणिज्य नीतिमा हस्तकला उद्योग व्यवसायको सहज विकास एवं प्रबर्द्धनका लागि उपयोगी आवश्यक व्यवस्था गर्न हस्तकला उद्यमी व्यवसायी तथा निकासीकर्ताहरुको उपस्थितिमा २०६५ पौष ४ गते महासंघमा तत् सम्बन्धी अन्तरक्रियाको आयोजना गरियो ।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले समयसापेक्ष नीतिको तर्जुमाका लागि विचार एवं सुझाव दिन आग्रह गर्नुभयो । सो अवसर मा महासंघका कार्य समिति सदस्य एवं उद्योग समितिका सभापति श्री वेदराज ज्ञवालीले सरकार औद्योगिक तथा वाणिज्य नीतिको परिमार्जन तथा संशोधनको अन्तिम चरणमा पुगेको बताउँदै तत् सम्बन्धमा हस्तकला उद्यमी व्यवसायीहरुलाई जानकारी गराउन र उपयोगी सुझावहरु संकलन गर्न प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । उक्त अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्व सचिव श्री भरत बहादुर थापाले नेपाल विभिन्न विश्व व्यापार संगठनहरुमा आबद्ध भइसकेको परिवेशमा अन्यसंग प्रतिस्पर्धी भई विश्व बजारमा व्यापारिक साख बढाई निकासी प्रबर्द्धन गर्न सम्बन्धित सबैले जोड दिनुपर्ने बताउनु भयो । सो क्रममा उहाँले धेरै वर्षको पहल र गृहकार्यपश्चात सरकारले नयाँ औद्योगिक तथा वाणिज्य नीति ल्याउन लागेको चर्चा गर्दै विद्यमान समस्या कम गर्न, व्यवसायिक वातावरण बनाई हस्तकला क्षेत्रको सहज विकासका लागि के गर्दा उपयुक्त हुन्छ, सो



*कार्यक्रम सम्बन्धी फोटो झलक*

बारे स्पष्ट र व्यवहारिक सुझाव दिन आग्रह समेत गर्नुभयो । सो क्रममा विषयगत टिप्पणी गर्दै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री प्रदिपजङ्ग पाण्डेले ढिलै होस तर सही निर्णय हुनुपर्ने बताउँदै नीतिको तर्जुमाबाट उद्योग, व्यवसाय तथा निकासीकर्ताको हित हुनुपर्ने बताउनुभयो ।

छलफलको क्रममा महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्य, प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वा, कार्यकारी सचिव श्री दिलिप खनाल, सदस्यहरु स्वयम्भूरत्न तुलाधर, डा. ऋद्धिवीर सिं, डा. मिलनदेब भट्टराई, सानुराजा शिल्पकार लगायत अन्य हस्तकला निकासीकर्ताहरुले आ(आफ्ना विचार एवं धारणा राख्नु भएको थियो । कार्यक्रममा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, महासंघका संस्थागत सदस्य संघका प्रतिनिधिहरु, हस्तकला उद्यमी तथा निकासीकर्ताहरु गरी करीब ३० जनाको सहभागिता रहेको थियो ।

### यस भित्र .....


* हस्तकला प्रबर्द्धन सम्बन्धी भेटवार्ता
* महासंघको सूचना तथा परिपत्र
* श्रम व्यवस्थापन, ट्रेड युनियन अधिकार र औद्योगिक सुरक्षा
* केराको बहुआयामिक उपयोग
* नेपाल काष्ठकला संघको साधारण सभा
* विविध
* स्कोप हस्तकला क्रेता बिक्रेता
* ए.बि.सि. संग कलाकर्मी कार्यक्रम

# हस्तकला प्रवर्द्धन सम्बन्धी भेटवार्ता

हस्तकला उद्योगको व्यवस्थित विकासका लागि सरकारको आगामी नीतिहरुमा उचित व्यवस्था गर्न तथा हस्तकला ग्रामको स्थापनाका लागि सरकारको सहयोग सम्बन्धी छलफल गर्न यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको नेतृत्वमा गएको टोलीद्वारा माननीय उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यसंग भेटवार्ता गरेको छ । उक्त अवसरमा मन्त्रीज्यूलाई हस्तकला उद्योग व्यवसायको वस्तुस्थिति, समस्या र सर कारबाट गर्नुपर्ने पहलका सम्बन्धमा जानकारी गराइएको थियो। उक्त टोलीमा महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्य र महासंघको उद्योग समितिका सभापति श्री वेदराज ज्ञवालीको सहभागिता रहेको थियो ।

हस्तकला लगायत घरेलु तथा साना उद्योगहरुको विकास एवं प्रवर्द्धन सम्बन्धी सम्भाव्य कार्यक्रम एवं सहकार्य सम्बन्धी छलफल गर्न यस महासंघका पदाधिकारी एवं घरेलु तथा साना उद्योग विभागका का.मु. महानिर्देशक श्री ध्रुवराज जोशीबीच हालै महासंघमा भेटवार्ता सम्पन्न भयो । उक्त अवसरमा यस महासंघका अध्यक्षबाट हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि भएका गतिविधि, विद्यमान समस्या, उक्त विभागमा पेश गरेका हस्तकला प्रवर्द्धन कार्यक्रम सम्बन्धमा जानकारी गराइएको थियो। सो क्रममा विभागको घरेलु तथा लघु उद्योग विकास कोषको परिचालन गरी हस्तकला क्षेत्रको प्रवर्द्धन सम्ब्न्धी कार्यक्रम एवं सहकार्य सम्बन्धमा पनि छलफल भएको थियो। छलफलको क्रममा सो विभागका का.मु. महानिर्देशकबाट समग्र घरेलु तथा साना उद्योग विकास लगायत समग्र हस्तकला क्षेत्रको प्रबर्द्धनका लागि सो विभागबाट सक्दो सहयोग एवं सहकार्य गर्ने बताउनु भयो ।

हस्तकला उद्योग व्यवसायको व्यवस्थित विकास तथा प्रबर्द्धनका लागि आवश्यक सहयोग अभिबृद्धि तथा सम्भाव्य क्रियाकलाप संचालनार्थ सहकार्य गर्दै जाने क्रममा यस महासंघका महासचिव श्री धर्मराज शाक्यको नेतृत्वमा गएको टोलीद्वारा घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक श्री श्यामप्रसाद गिरीसंग भेटवार्ता गरियो। उक्त अवसरमा महासचिवले महासंघको गतिविधि, हस्तकलाको व्यवसायिक वस्तुस्थिति तथा सम्भाव्य कार्यक्रमबारेमा जानकारी प्रस्तुत गर्नुभयो । सो अवसरमा विशेष गरी उहाँले प्राकृतिक रेशाजन्य वस्तु तथा प्रस्तरकला वस्तुको प्रबर्द्धन सम्बन्धी कार्यक्रम संचालन एवं सहकार्य सम्बन्धमा छलफल भएको थियो । उक्त टोलीमा महासंघको प्राकृतिक रेशाजन्य वस्तु विकास समितिकी सभापति श्रीमती दिव्यतारा तुलाधर र सो समितिकी सचिवको उपस्थिति रहेको थियो ।

यसैगरी यस महासंघका पदाधिकारी र छाला जुत्ता तथा वस्तु उत्पादक संघका पदाधिकारीबीच हालै भेटवार्ता भयो। उक्त अवसरमा सो संघका अध्यक्ष श्री रामकृष्ण प्रसाईले छालाजन्य वस्तुको व्यवसायिक वस्तुस्थिति र समस्याबारे अवगत गराइएको थियो। सो क्रममा आगामी दिनमा छालाजन्य हस्तकला वस्तुको विकास एवं व्यवसायिक प्रबर्द्धन सम्बन्धमा छलफल भएको थियो ।

# महासंघको सूचना तथा परिपत्र

## नव वर्ष २०६६ सालको रंगिन भित्तेपात्रो प्रकाशन सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा यस महासंघको प्रकाशन सम्बन्धी नियमित कार्यक्रम अनुसार यस वर्ष पनि महासंघद्वारा रंगिन भित्तेपात्रो प्रकाशन गरिने व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरुमा सहर्ष जानकारी गराइन्छ । साथै उक्त भित्तेपात्रोमा विगत वर्षहरुमा झैं महासंघका सदस्यहरुको व्यावसायिक प्रचार प्रसार गर्न टेवा पुगोस भन्ने उद्देश्यले सीमित संख्यामा व्यावसायिक विज्ञापन समावेश गर्ने तय गरिएको छ। उक्त भित्ते पात्रोमा प्रति एकको रु. ५,०००। विज्ञापन शुल्क लिने गरी १२ वटा सदस्य फर्म/कम्पनीहरुको मात्र विज्ञापन समावेश गरिने हुँदा ईच्छुक सदस्य महानुभावहरुले २०६५ फागुन २५ गते भित्र महासंघको सूचना कक्षमा विज्ञापन विवरण सहित सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र बढी संख्यामा विज्ञापनहरु प्राप्त हुन आएता पनि पहिलो प्राप्त विज्ञापनलाई पहिलो प्राथमिकताको आधारमा समितिको निर्णय अनुसार १२ वटा मात्र विज्ञापन समावेश गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

## विविध तालिम/सेमिनार/गोष्ठी/तालिममा सहभागिता

२०६५ साल मंसिर र पौष महिनासम्म विभिन्न संघ संस्थाद्वारा आयोजित निम्न कार्यक्रमहरुमा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, व्यवसायी तथा कर्मचारीहरु सहभागी हुनुभयो ।

| क्र.सं. | कार्यक्रम | मिति | आयोजक | सहभागीको नाम |
|---|---|---|---|---|
| १ | बातावरणिय सवाल सम्बन्धी गोष्ठी | ६ मंसिर, २०६५ काठमाडौं | औद्योगिक बातावरण व्यबस्थापन | श्री वेदराज ज्ञवाली, कासस |
| २ | समसामयिक चुनौतीबारे अन्तरकृया | १७ मंसिर,२०६५ काठमाडौं | नेपाल उ. बा. महासंघ | श्री धर्मराज शाक्य, महासचिव |
| ३ | शान्ति प्रबर्द्धन र साना उद्यमी सम्बन्धी गोष्ठी | २५ मंसिर,२०६५ काठमाडौं | नेपाल महिला उद्यमी महासंघ | सुश्री रज्जु रंजितकार, श्रीमती यशोदा वैद्य, कासस |
| ४ | बजेट र समसामयिक विषयमा अन्तरक्रिया | ७ पौष,२०६५ काठमाडौं | नेपाल उ. बा. महासंघ | श्री पुष्करमान शाक्य, अध्यक्ष |

# सुन चाँदी गर गहना तथा वस्तु सम्बन्धी क्रेता बिक्रेता भेटघाट कार्यक्रममा सहभागिता

सुन चाँदीका गर गहना तथा वस्तु उत्पादन गर्ने उद्यमी व्यवसायीहरु र सम्बन्धित क्रेता एवं निकासीकर्ताहरुबीच प्रत्यक्ष सम्पर्क गराई आपसी व्यवसायिक सम्बन्ध स्थापित गर्नुका साथै तिनीहरुको आपसी व्यवसाय प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघको सुन चाँदी वस्तु विकास समितिको संयोजनमा देहायको मिति, समय र स्थानमा क्रेता बिक्रेता भेटघाट कार्यक्रमको आयोजना गरिन लागेको हुँदा सम्बन्धित ईच्छुक उद्यमी व्यवसायीहरुले तोकिएको समयभित्र सहभागिताका लागि महासंघमा आवेदन गर्न हुन अनुरोध गरिन्छ । उक्त कार्यक्रममा बढीमा २० स्टलको मात्र व्यवस्था गरिएको हुँदा पहिलो प्राप्त आवदेनको आधारमा सहभागिता गराइने व्यहोरा समेत सूचित गरिन्छ ।

कार्यक्रम विवरण

| | | |
|---|---|---|
| कार्यक्रम | : | सुन चाँदी गर गहना तथा वस्तुको क्रेता बिक्रेता भेटघाट |
| कार्यक्रम आयोजना मिति | : | २०६५ माघ २७ सोमबार देखि २९ गते बुधबार |
| समय | : | विहान १०.०० बजेदेखि बेलुका ५.०० बजेसम्म |
| स्थान | : | पाटन दरबार स्क्वायर संग्रहालय, केशव नारायण चोक, मंगलबजार, ललितपुर |
| सहभागीता शुल्क | : | रु. २०००। प्रति स्टल |
| स्टल संख्या | : | २० वटा (२मि. x २मि.) |
| स्टल सम्बन्धी व्यवस्था | : | १ टेबुल, २ मेच |
| आवेदन दिने अन्तिम मिति | : | २०६५ माघ २१ गते मंगलबार दिनको २.०० बजेसम्म |
| सम्पर्क व्यक्ति | : | देवराज बज्राचार्य |

# ईम्ब्रोइडरी सम्बन्धी सीप प्रशिक्षण संचालन

यस महासंघको उनी वस्तु विकास समिति तथा नवोदित वस्तु विकास समितिद्वारा संयुक्त रुपमा ईम्ब्रोइडरी सम्बन्धी आवश्यक सीपको विकास गरी सीपयुक्त जनशक्तिको उत्पादन गर्ने तथा यस क्षेत्रमा दक्ष जनशक्तिको अभिबृद्धि गर्ने उद्देश्यले देहाय बमोजिम इम्ब्रोइडरी सीप प्रशिक्षण संचालन गरिने भएको हुँदा इच्छुक सदस्य महानुभावहरुले उल्लेखित मितिभित्र सहभागिताका लागि महासंघ वा केन्द्रमा आवेदन गर्न हुन सूचित गरिन्छ ।

कार्यक्रम सम्बन्धी विवरण :

| | | |
|---|---|---|
| मिति | : | २०६५ माघ २० देखि फागुन ५ गतेसम्म |
| अवधि | : | १५ दिन |
| समय | : | विहान ११ देखि दिउंसो २.०० बजेसम्म (३ घण्टा) |
| स्थान | : | हस्तकला डिजाईन तथा विकास केन्द्र मचागाल, पुल्चोक, ललितपुर |
| श्रोत व्यक्ति | : | श्रीमती प्रतिमा जोशी |
| लक्षित समूह | : | उनी, पश्मिना, सिल्क, सुतीजन्य वस्तु तथा अन्य टेक्स्टाइलका वस्तु उत्पादनमा संलग्न कलाकार तथा उद्यमीहरु |
| सहभागी संख्या | : | १५ जना |
| सहभागी शुल्क | : | रु. १,०००/ (सदस्य), रु. १,२००/ (गैर सदस्य) |
| ग्राहयता | : | पहिलो आवेदकलाई पहिलो ग्राहयता दिईनेछ |
| फारम बुझाउने अन्तिम मिति | : | २०६५ माघ १७ गते शुक्रबारसम्म |
| फारम बुझाउने स्थान | : | हस्तकला डिजाईन तथा विकास केन्द्र मचागाल, पुल्चोक, ललितपुर फोन नं. ५५२२८१५/५५२४०६८ |

# श्रम व्यवस्थापन, ट्रेड युनियन अधिकार र औद्योगिक सुरक्षा

मुलुकमा आर्थिक क्रान्ति गर्ने नारा घन्किरहेको छ भने बजेट बक्तव्यमार्फत आउने भाँएको औदोगिक नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति, विशेष आर्थिक क्षेत्र नीति, लगानी प्रवर्द्धन बोर्डको गठन हुने क्रममा हरेको छ । यसै क्रममा वीरगन्ज औद्योगिक कोरिडोरमा ७० उद्योग बन्द भएको कुराले अन्योल सिर्जना गरेको छ । देशको प्रमुख आर्थिक स्रोत मानिने औद्योगिक क्षेत्रहरु मजदुर आन्दोलनका कारण एकपछि अर्को गरी क्रमशः बन्द हुने क्रम देखा परेको छ । अखिल नेपाल औदोगिक मजदुर संघ र अखिल नेपाल सेक्युरिटी मजदुर संघले सरकारले हालै बृद्धि गरेको ज्याला निर्धारित समयमा उद्यलेग व्यवस्थापन पक्षले नदिए बारा/पर्सा औद्योगिक कोरिडोरका सम्पूर्ण उद्योग बन्द गर्ने निर्णय गरेका थिए । यस कोरिडोरमा सानाठुला गरी तीन सय ९० उद्योगहरु संचालनमा छन् । मुलुकको औद्योगिक क्षेत्रमा मात्र नभई समग्र व्यापारिक एवं व्यावसायिक षेत्रमा समेत प्रभाव पारेको छ । त्यसो त विगतको दशकमा कुल ग्राहंथ्य उत्पादनमा १० प्रतिशतको हाराहारीमा उद्योग क्षेत्रको योगदान थियो । हाल यो अंश करिब पाँच प्रतिशतमा झर`को छ । अझै पनि लगानीकर्ताहरुले सुरक्षाको महसुस गर्न पाएका छैनन् । बैदेशिक लगानी आउने सम्भावना बन्न सकेको छैन् । कुनै पनि वस्तुको उत्पादन हुन र उद्योगको संचालन सहज रुपमा हुन जरुरी छ । उद्योग संचालन सहज हुनका लागि उद्योगको आन्तरिक र बाहय पक्ष दुबै निरन्तर सक्रिय हुनपर्दछ । उद्योगको व्यवस्थापन पक्ष तथा श्रमिक पक्षबीचमा समझदारी भएको अवस्थामा उद्योग संचालनमा वाधाविरोध आउन सक्ने सभवना रहन्छ । उद्योगहरुमा तालाबन्दी हुनुलाई सामान्य घटनाका रुपमा दिन थालिएको छ । तालाबन्दीले करोडौंको लगानीमा तालाबन्दी हुन्छ । वस्तु उत्पादनमा तालाबन्दी हुन्छ । लगानीकर्ताको मुनाफा अनि सरकार ले प्राप्त गर्ने राजश्वमा तालाबन्दी लाग्छ ।

न्युनतम ज्याला निर्धारणको कुरा गर्दा अन्तरराष्ट्रिय श्रम स्टायुडर्डको कन्भेन्सन् नम्बर १३१ ले प्रष्ट रुपमा न्यूनतम ज्यालादर निर्धारणबारे भनेको छ साधारणतया उपयुक्त सतरको न्यूनतम जयाला निर्धारण, श्रमिकको आवश्यकता, तुलनात्मक ।म तथा ज्याला, रोजगारदाताको तिर्ने क्षमता र आर्थिक विकासको आवश्इकता आदि कुरामा भर पर्दछ । श्रमिकलाई निर्वाह गर्न पुग्ने किसिमको न्यूनतम जयाला हुनुपर्दछ । नेपालमा ३२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । अन्तरराष्ट्रिय मापदण्डनुसार हो भने प्रतिदिन एक डलरभन्दा कम आम्दानी हुने जनसंख्या उल्लेख छ । विभिन्न देशको संवैधानिक व्यवस्था, नेपालको अन्तरिम संविधान र नेपालले अनुमोदन गरेको अन्तरराष्ट्रिय अभिसन्धिका आधार मा आगामी संविधानमा श्रम सम्बन्धी निश्चित व्यवस्था गरिनु पर्दछ । शोषणविरुद्धको हक, बाध्यकारी श्रमबिरुद्धको हक, बालश्रमिकविरुद्धको हक, समानताको हक, सामाजिक सुरक्षासमबन्धी हक र रोजगारीको हक आदि संविधानमा व्यवस्था हुनुपर्छ ।

सरकारले व्यवसायमैत्री वातावरण निर्माण तथा औद्योगिक सुरक्षाको प्रत्याभूतिको आश्वासन दिए पनि श्रम विवदका कारण झन्डै सयवटा जति उद्योग बन्द भएका छन् । न्यूनतम पारिश्रमिकमा सहमति भइसकेको अवस्थामा पनि मजदुरहरुकले उद्योग बन्द गरिराखेका छन् । यसै कारणले नेपाल उद्योग वाणिज्य महासंघले बन्द अवधिमा नो वर्क नो पे लागू गर्ने भएको छ । निजी क्षेत्र र मजदुरका बीचमा न्यूनतम पारि श्रमिकका सम्बन्धमा पुनरावलोकन गरी सहमति भइसके पनि उद्योग प्रतिष्ठानहरु बन्द हुने क्रम जारी रहेको छ । गैर जिम्मेवारपूर्ण ढंगले हडताल, घेराउ र ऐनविपरीतका कार्य बन्द गरी स्वस्थ्य र सौहार्दपूर्ण वातावरण बनाई देशको औद्योगिक विकासमा योगदान पुऱ्याउनुपर्छ । सरकारले असोज २ गते राजपत्रमा सूचना प्रकाशित गरी अदक्ष मजदुर को तीन हजार ५०, अर्धदक्षको तीन हजार एक सय, दक्षको तीन हजार दुई सय १० र उच्च दक्षको तीन हजार चार सय रुपैयाँ जयाला निर्धारण गरेको हो । सरकारको नयाँ ज्यालादरलाई श्रमिकको पसिनाको अवमूल्यन भननेहरु पनि छन् । साथै सम्झौता अनुसार मजदूरहरुको तलब तीन हजार ५० र महँगी भत्ता एक हजार पाँच सय ५० पुगेको छ । त्यो भन्दा बढी पारिश्रमिक पाइरहेकालाई त्यही अनुपातमा बढाउन नसक्ने अडान लगानीकर्ताले राख्ने गरेका छन् । तर मजदुरले सबै कामदारलाई समान दरमा पारिश्रमिक दिनुपर्ने माग गर्न थालेका छन् ।

सरकारले तोक अनुसार ज्याला दिन अधिकांश उद्योगलाई गाऱ्हो परेको छ । मजदुर युनियनको व्यवहार नसच्चिने हो भने उद्योगमा भोटे ताल्वा लगाइदिए हुन्छ । हानितसुरक्षा र अनुकुल औद्योगिक वातावरण तयार नहुने हो भने अझै पनि धैरै उद्योगधन्दा बन्द हुन्छन् । श्रमनीति लचिलो नभएको कुरा सर्वविदितै छ । नेपालको श्रमनीति मुलुकको औद्योगिक विकास मैत्री भनी श्रम प्रदान भएको कुरा निजी क्षेत्रले उठाउँदै आएको विषय हो । त्यसैले श्रमनीति लचिलो बनाई उद्योग मजदुर र लगानीकर्ता सबै सरोकारवालाको विकास, हकहित प्रबर्द्धन हुने किसिमको हुनुपर्दछ । अन्तरराष्ट्रिय स्तरमा श्रमसम्बन्धी व्यवस्था नेपालमा उत्पादित वस्तु तथा सेवा प्रतिस्पर्धी हुने किसिमको हुनपर्दछ । भनिन्छ, नेपाली श्रम सस्तो छ तर अन्तरराष्ट्रिय अनुभवअनुसार सस्तो भए दक्ष हुँदैन दक्ष भए सस्तो हुँदैन ।

नेपालको राजनैतिक पार्टीहरुले प्रत्येक औद्योगिक प्रतिष्ठान, संस्थाहरुमा आ आफ्नो ट्रेड युनियन गठन गरेका छन् । यसले गर्दा ट्रेड युनियन विशुद्ध मजदुर, कर्मचारी, श्रमिकको हकहित प्रवर्द्धन गर्ने संगठन नभई राजनीतिक भ्रातृ संगठाका रुपमा रहन पुगेका छन् । यसले गर्दा लगानीको सहज वातावरण बन्न सहिरहेकको छैन । त्यसर्थ नेपालमा ट्रेड युनियन विशुद्ध मजदुरको हकहित र विकासका लागि कटिबद्ध संस्थाको रुपमा विकसित हुनपर्दछ । औद्योगिक सुसम्बन्ध कायम गर्न संगठन, प्रतिष्ठान र सरकारबीचको स्पष्ट भूमिकासहितको लचिलो श्रमनीति ल्याउनुपर्छ । श्रम मन्त्रालय र विभागले नीति लागू गर्ने पक्षमा सक्रिय हुनुपर्दछ । राजनीतिक विचारबाट संचालित ट्रेड युनियनका कारण औद्योगिक सुरक्षमा देखिएको अनिश्चितता हटाउनुपर्छ । श्रमविवाद सुल्झाउन सक्षम तौरतरिका र श्रम अदालतमा श्रम सम्बन्धी सहितको व्यवस्था हुनुपर्दछ । साथै सबै पक्षलाई मान्य हुने श्रमिक ज्यालादर र वार्षिक बृद्धिदर निर्धारण गर्नुपर्छ । सरकारले सबैको सहमतिमा प्रभावकारी नीतिको व्यवस्था र कार्यान्वयन गर्न सकेमा केही हदसम्म अहिलेको औद्योगिक अन्योल हटेर जानसक्छ ।

जानकारी

## केराको बहु आयामिक प्रयोग

परम्परागत रुपमा केराबोट मात्र फलफुलको लागि प्रयोग गरिँदै आएको छ। बर्षको फ टिपिसकेपघि केराको पाट लगायत बोटको अन्य कुनै एप्ड्रैंग गेरंचैनथइँ। समयको प्रवाहसंगै विभिन्न समयमा गरिएको अध्ययन अनुसन्धानबाट केराको बोटलाई विभिन्न रुपमा उपयोग गर्न थालिएको छ। केराको जरादेखि टुप्पोसम्मको सबै भाग प्रयोग गररु व्यवसायीहरुले बहुउत्पादक सामाग्री बनाई व्यवसाय संचालन गर्न थालिएको छ। यस क्षेत्रमा सम्बद्ध व्यवसायीहरुका अनुसार केराबाट एक दर्जनभन्दा बढी परिकार र पेयपदार्थ तयार पार्न सकिने र यसको बोट, बोक्रा, पाटबाट विभिन्न घरेलु उपयोगी सामाग्रीहरु तयार पार्न सकिन्छ। केराबाट विशेष गरी ब्रेड, पकौडा, टिकिया, चिप्स, मः मः, पेय पदार्थ र बोट एवं बोक्राबाट हस्तकला सामाग्रीहरु ज्स्तै टोपी, सल, पंखा, झोला, चकटी, आदि बनाउन सकिन्छ। केरा र केराजन्य वस्तुको व्यवसायिक विकासका लागि कैलाली, नवलपरासी, चितवन र अन्य केही ठाउँहरुमा केराको व्यवसायिक खेति समेत गर्न थालिसकेको छ। केरा खेतिका लागि स्थानिय बोट र बिलियम हाइब्रिड प्रजाति प्रयोगमा ल्याइएको छ।

केराजन्य पदार्थ र केराबाट उत्पादित वस्तुको प्रचार प्रसारका लागि व्यवसायीहरुले नेपालको विभिन्न जिल्लहरुमा आयोजना हुने मेला, महोत्सव र प्रदर्शनीमा सहभागी भई केराजन्य वस्तुको प्रदर्शन गर्दै आएको छ। व्यवसायीहरुका अनुसार मेलामा उपभोक्ता एवं दर्शकहरुले केराबाट बन्ने परिकार धैरै मन पराएको र यसबाट बनेका अस्तकला वस्तुहरुको राम्रो बिक्री भएको प्रतिक्रिया दिएका छन्। अतः मेला जस्तै विभिन्न प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरी केराजन्य वस्तु र हस्तकला सामाग्रीबारे व्यापक प्रचार प्रसार गर्न सकेमा यस क्षेत्रको राम्रो व्यवसायक प्रबर्द्धन हुने अपेक्षा गरिएको छ।

## संस्थागत सदस्य संघहरूको गतिविधि

### नेपाल काष्ठकला संघको तेस्रो वार्षिक साधारण सभा

नेपाल काष्ठकला संघको तेस्रो वार्षिक साधारण सभा २०६५ पौष १९ गते ललितपुरमा सम्पन्न भयो। यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्य र सो संघका अध्यक्ष श्री दिपेन्द्रराज शिल्पकारको सभापतित्वमा सो संघको साधारण सभा दुई शत्रमा गरी सम्पन्न भयो। उक्त अवसरमा मन्तव्य राख्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि महासंघले निर्वाह गर्दै आएको भूमिका र यसका विविध गतिविधिबारे प्रकाश पार्दै हस्तकलाको समग्र विकासका लागि वस्तुगत एवं संस्थागत सदस्य संघहरुको महत्वपूर्ण भूमिका र हने बताउनु भयो। यस क्रमममा उहाँले काष्ठकला क्षेत्रको प्रबर्द्धनका सो संघ सक्रिय रुपमा लाग्नुपर्ने बताउँदै महासंघबाट सक्दो सहयोग गर्ने बताउनु भयो। उक्त कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य व्यक्त गर्दै सो संघका उपाध्यक्ष श्री राजआनन्द शिल्पकारले उक्त संघको पृष्ठभूमि, कार्य एवं गतिविधिबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रममा सो संघका सल्लाहकार एवं लोंकमिं शिल्पकार समाजका अध्यक्ष श्री मोतिलाल शिल्पकार, यस महासंघका पूर्व अध्यक्ष एवं नेपाल तामा पित्तल व्यवसायिक संघका अध्यक्ष श्री कल्याणकृष्ण ताम्रकार र सो संघका संस्थापक अध्यक्ष श्री सानुराजा शिल्पकारले पनि आ(आफ्नो मन्तव्य व्यत्त: गर्नु भएको थियो। कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री नरेशकुमार श्रेष्ठ, यस महासंघका प्रथम उपाध्यक्ष एवं हस्तकला डिजाइन तथा विकास केन्द्रका सभापति श्री विकासरत्न धाख्वा लगायत वरिष्ठ काष्ठ कलाकार एवं व्यवसायीहरुको उपस्थिति रहेको थियो।

सो संघका सचिव श्री उपेन्द्र बाराहीले कार्यक्रममा उपस्थित महानुभाव लगायत सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्नुभयो। अन्तमा सो संघका अध्यक्ष एवं उक्त सभाका सभापतिले काष्ठकला क्षेत्रको समयसापेक्ष विकासका लागि आउने दिनमा सो संघले उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धनका लागि आवश्यकता अनुसार उपयुक्त क्रियाकलाप संचालन गर्दै जाने प्रबिद्धता व्यत्त: गर्दै पहिलो शत्रको समापन गर्नुभयो। कार्यक्रमको दोस्रो शत्रमा संघको वार्षिक प्रतिवेदन तथा भावी कार्यक्रम सम्बन्धमा सदस्यहरुबीच छलफल भएको थियो।

## स्कोप हस्तकला क्रेता बिक्रेता कार्यक्रम

स्कोप सहकारी संस्थामा आबद्ध हस्तकला उद्यमी व्यवसायीहरुबाट उत्पादित विभिन्न हस्तकलाका वस्तुहरुको प्रदर्शन एवं तिनको प्रचार प्रसार गरी बजार प्रबर्द्धन गनूका साथै सम्बन्धित उत्पादक र व्यवसायीहरुबीच प्रत्येक्ष भेट गर ई व्यवसाय प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले उक्त संस्थाको आयोजनामा २०६५ पौष ४ देखि ६ गतेसम्म पाटन दरबार स्क्वायरस्थित पाटन म्यूजियमको प्राङ्गणमा हस्तकला क्रेता बिक्रेता भेलाको आयोजना गरियो । यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको प्रमुख आतिथ्यमा उद्घाटन सम्पन्न उक्त कार्यक्रममा २२ वटा स्टलमा हस्तकलाका विभिन्न वस्तुहरुको प्रदर्शन गर्नुका साथै नेवार संस्कृतिबारे विशेष जानकारी प्रदान गर्ने उद्देश्यले हलंज्वलं तथा पूजा विधिका सामाग्रीको समेत प्रदर्शनी गरिएको थियो । उक्त कार्यक्रममा सहभागीहरुले ऊनीजन्य वस्तु, पश्मिना, धातुकला एवं मूर्ति, चाँदीका गर गहना, ढाकाका सामान, प्रस्तरकला, चाँदी तथा सुन जलप गरेका वस्तुहरुका साथै हस्तकला विभिन्न वस्तुहरुको प्रदर्शन गरिएको थियो । यस क्रममा विशेष संस्थामा आबद्ध सदस्यहरुले तयार पारिएका गुयास्तरीय गरी पौभा ( थान्का) वस्तुको पनि प्रदर्शन गरिएको थियो । भेला उद्घाटन पश्चात मन्तव्य राख्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले हस्तकलाको व्यवसायिक प्रबर्द्धनका लागि विभिन्न समयमा यस्ता कार्यक्रमहरुको आयोजना हुनुपर्ने बताउँदै महासंघबाट हस्तकलाको प्रवर्द्धन एवं व्यवसायिक विकास सम्बन्धी कार्यका लागि सक्दो सहयोग गर्ने बताउनु भयो । कार्यक्रमको प्रारम्भमा उक्त संस्थाका अध्यक्ष श्री पूर्णराज शाक्यले उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै उक्त संस्थाले वित्तिय कारोबारका साथै संस्थामा आबद्ध हस्तकला उद्यमी व्यवसायी सदस्यहरुको उत्थानका लागि हस्तकला प्रबर्द्धन समितिको व्यवस्था गर्नुका साथै विगत केही वर्षदेखि यस प्राङ्गणमा हस्तकला क्रेता बिक्रेता भेटघाट कार्यक्रम आयोजना गर्दै आएको बताउँदै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । कार्यक्रम उद्घाटनको अवसरमा सहकारी बोर्ड ल.पु. का संचार अधिकृत श्री शिव घिमिरे, जिल्ला सहकारी संघ लि.का अध्यक्ष श्री विजयराज घिमिरे, अन्य गण्यमान्य व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्तमा कार्यक्रमका संयोजक एवं सो संस्थाका सह सचिव श्री यज्ञराज शाक्यले उपस्थित महानुभाव तथा सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्दै प्रदर्शनी कक्षको अवलोकनका लागि आग्रह गर्नुभयो ।

## ए.बि.सि. संग कलाकर्मी कार्यक्रम

हस्तकला उद्योग, व्यवसाय र यससँग सम्बन्धित विभिन्न संघ संस्था सम्बन्धी समसामयिक गतिविधिहरुबारे र अन्य ताजा जानकारी प्रदान गर्ने उद्देश्यले ब्रेन पावर प्रा.लि.द्वारा ब्यञ्ज ँ।ा १००.६ मेघाहर्जमा प्रत्येक हप्ता आइतबार दिनको २.०५ बजेदेखि ३.०० बजेसम्म हस्तकला सम्बन्धी ए.बि.सि. संग कलाकर्मी कार्यक्रम नियमित रुपमा संचालन गर्दै आएको छ । अत: उक्त समयमा प्रसारण हुने हस्तकला सम्बन्धी कार्यक्रम श्रवण गरी हस्तकला उद्योग व्यवसाय सम्बन्धी अद्यावधिक जानकारी, सूचना एवं तथ्य विवरण हासिल गरी आफ्नो व्यवसाय प्रबर्द्धन गर्न हुन सम्बन्धित सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

यो ब्रेन पावर प्रा.लि.को एक मात्र हस्तकला कार्यक्रम हो । यस सम्बन्धी थप जानकारीका लागि सम्पर्क ठेगाना यस प्रकार छ ।

**कार्यक्रम संचालक : श्री किरण बज्राचार्य, श्री जुनीबज्र बज्राचार्य**
**फोन : ५०१०५८८, GPOM8975 EPC 2727**
**Email: brainpower2007@gmail.com**







## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**
पो.ब.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**
देबराज बज्राचार्य, ऋषिराज सुवेदी